कार्यपालिका बैठकको निर्णय मिति : २०७८।०३।०३ गते आईतवार

प्रमाणीकरण मिति : २०७८ भाद्र १० गते बिहिवार

# बाल अधिकार तथा संरक्षण कार्यविधि २०७८

## तुलसीपुर उपमहानगरपालिका, दाङ

### प्रस्तावना :

बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र सम्वर्द्धनकालागि नेपालको संबिधान संङ्घीय कानूनमा भएका प्रावधानहरुको कार्यान्वयन सहित स्थानीय तह द्वारा तिनका बालबालिकाको अधिकारको प्रचलनद्वारा बालबालिकालाई संरक्षण प्रदान गरी तिनको बालमैत्री स्थानीय सुशासन प्रवर्द्धन गरी बालबालिकाको सर्वोत्तम हित र सर्वाङ्गीण विकास सुनिश्चित गर्न स्थानीय कार्यविधि जारी गरी कार्यान्वयन गर्न बान्छनीय भएकाले,स्थानीय सरकार संञ्चालन ऐन २०७४को दफा १०६(१) (ङ) अनुसार यो कार्यविधि वनाइएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यबिधिको नाम स्थानीय बाल अधिकार संरक्षण कार्यबिधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधिलाई स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सान्दर्भिकता अनुरुप हुने गरी परिमार्जनकासाथ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ अनुसार स्थनीय तहको कानुन निर्माण बिधिबमोजिम आफ्नो क्षेत्र भित्रका कानुनको रुपमा जारी गरे अनुसार लागु हरनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा –

क)"उपप्रमुख" भन्नाले स्थानीय तहको उपप्रमुख सम्झनु पर्दछ ।

ख) "ऐन " भन्नाले बालबालिका सम्वन्धि ऐन, २०७५ लाई सम्झनु पर्छ ।

ग) "कार्यविधि" भन्नाले बालअधिकार संरक्षण कार्य बिधि २०७८लाई सम्झनु पर्छ । .

घ)"तोकिएको वा तोकिएबमोजिम" भन्नाले संघिय, प्रदेश वा स्थानीय कानुनमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ । सो पदावलीले कार्यबिधिको कार्यन्वयनको सिलसिलामा स्थानीय तहको कार्यपालिकाले तोकेको तोकिएबमोजिम समेत जनाउछ ।



घनश्याम पाण्डे
प्रमुख

ङ) "परिवार" भन्नाले एकाघरका आमा,बाबु,हजुरवुवा,हजुरआमा,दाजु,भाई दिदी बहिनी सम्झनु पर्छ। संरक्षक वा माथवरका संरक्षणमा रहने बालबालिकाको हकमा सो शव्दले संरक्षक वा माथबरलाई समेत जनाउछ।

च) "बाल अधिकार समिति" भन्नाले ऐनको दफा६० बमोजिम गठित बाल अधिकार समिति सम्झनुपर्छ।

छ) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिमको अधिकारी सम्झनुपर्छ।

ज) "बाल कोष" भन्नाले ऐनको दफा ६४को उपदफा ४ अनुसार कार्यबिधिको परिच्छेद ९ बमोजिमको कोष सम्झनु पर्छ।

झ) "बालगृह" भन्नाले ऐनको दफा ५२ अनुसारको बाल गृह सम्झनुपर्छ।

ञ) "बालगृह मापदण्ड" भन्नाले ऐनको दफा ५२ बमोजिमको मापदण्ड सम्झनु पर्छ।

ट) "बालबालिका" भन्नाले १८ बर्ष उमेर पुरा गरिसकेको व्यक्ति सम्झनु पर्छ।

ठ) "बालसंस्था" भन्नाले कार्यबिधि बमोजिम स्थानीय तहमा दर्ता भई स्थानीय क्षेत्रमा संन्चालमा रहेका वा सन्चालन हुने बाल क्लव वा संस्था सम्झनुपर्छ। सो पदावलीले त्यस्ता क्लव वा संस्थाहरुको सञ्चालनलाई समेत जनाउछ।

ड) "मनोसामाजिक सेवा" भन्नाले बाल मनोवैज्ञानिक, बिशेषज्ञ मनोसामाजिक परामर्शकर्ता द्वारा गरिने आकलन,लेखाजोखा,बिमर्श, प्रेषण,निदान र उपचार सम्वन्धि सेवा सम्झनु पर्छ।

ढ)"बिशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्छ।

ण) "सेवाप्रदायक" भन्नाले स्थानीय तहको क्षेत्रभित्र सेवा प्रवाह गरिरहेकावा प्रवाह गर्ने दाईत्व भएका सरकारी कार्यालय, स्वस्थ्यचौकी, विद्यालय स्रोतकेन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य सार्बजनिक निकायहरुलाई सम्झनु पर्छ। सो पदावलीले सार्वजनिक सेवा प्रदान गर्ने निजी क्षेत्रवाट सन्चालित बैंकिङ वा सूचना संञ्चार सम्बन्धि सेवा प्रदायकलाई समेत जनाउछ।

त) "संस्था" भन्नाले स्थानीयतहको क्षेत्रभित्र बाल गृह वा बाल सुधारगृह संचालन गर्ने संघ संस्था सम्झनु पर्छ। सो शव्दले बाल अधिकार संरक्षण र संबर्द्धनकालागि कानून बमोजिम सञ्चालित गैरसरकारी र सामुदायिक संस्थालाई समेत जनाउछ।

## परिच्छेद २

## बाल अधिकार तथा संरक्षण सम्वन्धी आधारभूत सिद्धान्तहरु



घनश्याम पाण्डे
प्रमुख

३. **बाल संरक्षणका आधारभूत सिद्धान्त :** स्थानीय तहको क्षेत्र भित्र बालबालिकाहरुको अधिकारको सम्मान र संरक्षण तथा परिपूर्ति गर्ने प्रयोजनमा बालअधिकार सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनमा उल्लेख भएबमोजिम देहायका सिद्धान्तहरुलाई अवलम्वन गर्नेछ ।

क) मर्यादापूर्ण व्यवहार गर्ने : प्रत्यक बालबालिकाको ब्यक्तिगत सम्मान, मर्यादा तथा ब्यक्तिगत गोप्यता( प्राईभेसी) खण्डित हुन नदिई ब्यबहार गर्ने ।

ख) निर्विभेदता : प्रत्येक बालबालिकालाई निज वा निजका आमाबाबु वा संरक्षकको बर्ण,जातजाति,लिङ्ग,यौनिकता,भाषा, धर्म, उत्पत्ति, बैचारिकअस्था, क्षेत्र, सम्पत्ति, फरक क्षमता वा अपाङ्गता, जन्म वा यस्ता अन्य कुनै पनि आधारमा भेदभाव नगर्ने र भेदभावरहित रुपमा तिनको उमेर सुहाउदो ब्यवहार गर्ने ।

ग) बालबालिकाको सर्वोत्तम हित : बालवालिका संग सम्वन्धित कुनै निर्णय गर्नुपर्दा उसको सर्वोत्तम हितलाई प्राथमिकता दिने ।

घ) ब्यक्तिगत विवरणको गोपनीयता पालन गरिने : बालबालिकको नाम सहित ब्यक्तिगत पहिचान सम्बन्धी विवरणमा सम्वन्धित बालबालिका, निजका बाबुआमा, परिवारका सदस्य वा संरक्षक र कानूनबमोजिम अख्तियार प्राप्त अधिकारीबाहेक अन्यको पहुंचको विषय हुनेछैन । तर ब्यक्तिगत पहिचान नखुल्ने बालवालिकाको एकीकृत तथ्याङ्कको रुपमा बालबालिका सम्बन्धी विबिधीकृत तथ्याकं सरोकारवालालाई स्थानीय तहबाट प्राप्त हुनेछ ।

## परिच्छेद ३

## बालअधिकारको संरक्षण तथा प्रचलन

४. **बालअधिकारको संरक्षण गर्नुपर्ने :**(१) स्थनीय तहले आफ्नो क्षेत्रभित्रका बालबालिकाका अधिकारहरुको संरक्षण र प्रचलन ऐनको दफा ६४ बमोजिम गर्न गराउन सक्नेछ ।

५.**आवश्यक सेवा प्रवाह सुनिश्चित गर्ने :**(१) बाल अधिकारको संरक्षण तथा प्रचलन को प्रयोजनकालागि स्थानीय तहले आफ्ना क्षेत्रभित्रका सबै बालबालिकाको लागि निम्न अनुसारको सेवा सुलभ र सुनिश्चित रुपले प्रवाह गर्नेछ :

क) गर्भवती महिलाको स्वस्थ्य र शिशुको स्वस्थ जन्मको लागि आमा तथा शिशु दुबैको नियमित स्वास्थ्य परिक्षण,स्वस्थ्य स्यहार तथा पोषणको बन्दोवस्त;

ख) राष्ट्रिय खोप तालिका बमोजिमको सेवा;

ग) क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरु द्वारा निःशुल्क परिक्षण तथा औषधि सुविधासहितको द्वैमासिक रुपमा विद्यालय स्वास्थ्य शिविर सञ्चालन;



घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दुाङ

घ) क्षेत्रभित्र बालबालिकालाई सामाजिक सेवा तथा मनोवैज्ञानिक सेवा दिने समाजसेवी र मनोविज्ञानका सूचिकरण र उपलब्ध जनशक्तिको अध्यावधिक अभिलेख व्यबस्थापन तथा सेवा प्रवाह ;

ङ) हिंसा, परित्याग वा अन्य दुर्व्यवहारबाट पीडित बनेका बालबालिकाको उद्धार, उपचार तथा अल्पकालीकन स्यहारको बन्दोवस्त;

च) विपद् तथा प्रकोप (भूकम्प,बाढी,पहिरो,आगलागि, बन्यजन्तुको आक्रमण) प्रभावित बालबालिकाको उद्धार,उपचार,तथा अल्पकालीन स्याहार सहायता ;

छ) स्थानीय चाडपर्व,विवाह, भोज मेला आदिमा बालबालिकाको सुरक्षार्थ प्राथमिक सेवा;

ज) क्षेत्रभित्रका बालबालिकाको निर्वाध जन्मदर्ता ;

झ) विशिष्टीकृत सेवा उपलव्धहुने निकाय वा सेवाप्रदायक समक्ष प्रेषण तथा सिफारिस ;

ञ) आपदमा परेका,वेवारिस फेलापरेका वा हरायका बालबालिकाको तत्काल खोज,उद्धार संरक्षण तथा व्यबस्थापनकालागि हेल्पलाईन तथा खोजतलास सेवा र ,

ट) बालहित तथा बालमैत्री बातावरणमा सेवा पाउने सुनिश्चितताकालागि आवशयक अन्य बन्दोवस्त ।

(२) स्थानीय तहको क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका सार्वजनिक , सामाजिक वा निजी सेवा प्रदायक निकाय, संस्था ,विद्यालयहरुमा बालमैत्री सेवा प्रवाह तथा बालबालिका विरुद्धका कुनैपनि प्रकारका शिंसा तथा दुर्व्यवहार रोकथाम तथा निवारणका स्थानीय तहले बाल अधिकार संरक्षण मापदण्ड निर्माण गरि लागु गर्न गराउनेछ ।

(३) क्षेत्रभित्रका बालबालिकाको संरक्षणका लागि स्थानीय तहले देहायबमोजिमका उपायहरु अवलम्वन गर्नेछ :

(क) विद्दयालयमा राजनीतिक गतिबिधि गर्न र बालबालिकालाई दलगत राजनीतिक कृयाकलापमा सहभागिगराउने कार्यलाई निषेध गर्ने ;

(ख) विद्दयालय उमेरका बालबालिकालाई बिद्यालमा भर्नाहुनबाट रोक्न वा विद्दयालबाट निष्कासन गर्ने परिपाटीको अन्त्यको प्रयास राख्ने ;

(ग) बालबालिकको उपस्थिति रहने विद्दयालय तथा अन्य सेवा प्रवाहुने स्थानमा तिनकालागि सफा खानेपानी, आरामकक्ष,शौचालय तथा किशोरीकालागि मासिक श्रावकवच (प्याड) सहितका प्राथमिक स्वास्थ्यउपचार सामाग्रीको वन्दोवस्त गर्ने ;

(घ) विद्यालय र समुदायमा बालबालिका विरुद्ध हुन सक्ने सबैप्रकारका हानिको रोकथाम तथा भयरहित शिक्षण तथा सामुदायिक सिकाईकालागि बालक्लव मार्फत बालबालिकमा रचनात्मक कृयाकलापको प्रोत्साहन गर्ने ;



घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

(ङ) बालबालिका विरुद्ध हुन सक्ने हिंसा, दुर्व्यवहार तथा शोसणको अन्त्यका लागि समुदायमा आधारित संरक्षण प्रणाली क्रियाशील वनाउने र प्रेषण प्रणालीलाई प्रभावकारी पार्ने ;

(च) स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी वडाका जनप्रतिनिधि वा कर्मचारीलाई बालअधिकार तथा बालमत्री व्यवहार र बालमैत्रीशासन सम्वन्धी प्रशिक्षित गर्ने ;

(छ) बाल संरक्षण तथा प्रेषण प्रणालीलाई वडा तथा स्थानीय तहको योजना तथा बार्षीक कार्यक्रममा समाबेश गरि नियमित चालुराख्ने ;

(ज) प्रत्यक वडामा बाल उद्यान र खेलमैदान,पुस्तकालाय तथा वाचनालयहरुको ब्वस्था तथा संचालन गर्ने ;

(झ) क्षेत्रभित्रका ४ देखि ५ बर्ष उमेरका बालबालिकाहरुलाई प्रारम्भीक बाल विकास केन्द्र र ६ देखि १३ बर्ष उमेर सम्मका वालवालिकाहरुलाई अनिवार्य विद्यालय भर्ना गर्ने र नियमित विद्यालय पठाउने बन्दोवस्त; र

(ञ) बालविवाह तथा बालश्रमको प्रयोगजस्ता कानुनद्वार निषेध गरिएका क्रियाकलापहरुको निगरानी तथा कानुनी कारवाईका लागि प्रेषण प्रणाली ।

(ट) स्थानीय तहको क्षेत्रभित्र कसैले परिच्छेद ३ अनुसारको पुरा नगरेमा ऐनको दफा ६४ बमोजिम पीडित बालबालिकाको तर्फवाट निवेदन परेमा न्यायिक समितिले हावश्यक कार्वाही गरी बाल अधिकार प्रचलन गराउनेछ ।

**६. क्षेत्रभित्रका बालबालिका सम्वन्धी अध्यावधिक तथ्यांकीय विवरण राख्ने :**(१) स्थानीय तहले आफ्ना क्षेत्रभित्रका १८ बर्षको उमेर पूरा नभएका सबै बालबालिकाको खण्डीयएकीकृत( युनिफाईड डिसईन्ट्रीग्रेटेड)तथ्याङ्कीय विवरण अद्यावधिक हालतमा राख्नेछ ।

(२) स्थानीय तहले यस्तो तथ्यांकीय अद्यावधिक विवरण वडागत रुपमा राख्न वडासमिति वडाअध्यक्ष र वडा कार्यालयहरु लाई निर्दिष्ट गर्न सक्नेछ ।

(३) बालबालिकको खण्डीय एकीकृत तथ्याङ्कीय विवरण अनुसूचि १ बमोजिमको ढांचामा राखिनेछ ।

**७. बालमैत्री संरचना तथा अभ्यासको सूनिश्चितता :**(१) बालबालिकाले प्रत्यक्ष सहभागिहुने र सेवा लिने निकायहरु वा सेवाप्रदांयकका संरचना र ब्यबहार बालमैत्री र बाल सुरक्षित भएको सुनिश्चित गर्न स्थानीय तहले मन्त्रालयले जारीगरेको मापदण्डबमोजिम बालमैत्री अवस्थाको भौतिक प्राविधिक तथा मानवीय सहजताको लेखाजोखा गर्नेछ ।

(२) लेखाजोखा प्रतिवेदनको आधारमा स्थानीय तहले आफ्नो क्षेत्रभित्र बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदानगर्ने निकाय वा सेवा प्रदायक संस्थाको भौतिक संरचनालाई बालमैत्री हुने गरि निर्माण गर्न वा मर्मतसुधारगर्न लागाउन सक्नेछ ।

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिका

(३) बालबालिकालाई सेवा प्रदान गर्ने निकाय वा सेवाप्रदायकलाई सेवा प्रवाह बालमैत्री बनाउन स्थानीय तहले निर्देशन दिन,क्षमता विकास तथा सुधारकार्यकालागि सहायता प्रदानगर्न वा आवश्यक सहजिकरण गर्न सक्नेछ ।

## परिच्छेद ४

## बालबालिकाको विशेष संरक्षण तथा पुन:स्थापना

८. **बैकल्पिक हेरचाहको प्रवन्ध** :(१) स्थानीय तहले आफ्नो क्षेत्रमा फेला परेका बिशेष संरक्षण आवश्यक्ता भएका बालबालिकाको संरक्षणकालागि ऐनको दफा ४९ बमोजिम बैकल्पिक हेरचाहको प्रवन्ध गर्नेछ ।

(२) ऐनको दफा ४८(१) को खण्ड (क) देखि (ङ) सम्म उल्लेखभएका कुनैपनि बालवालिका स्थानीयतहको ईलाकामा असंरक्षित वा वेवारिसे अवस्थामा रहेको सूचना प्राप्त हुनासाथ बाल कल्याण अधिकारीले बैकल्पिक हेरचाहको प्रवन्ध यथाशीध्र मिलाउनुपर्नेछ ।

(३) बैकल्पिक हेरचाहको प्रवन्धको प्राथमिक विचार गर्दा बालकल्याण अधिकारीले सर्वप्रथम हेरचाह आवश्यक भएको बाबु वा आमातर्फका नातेदारमध्य सबैभन्दा नजिकको नातामा पर्नेको प्राथमिकतालाई प्रश्रय दिनुपर्नेछ । र मुलुकी देवानी संहिता २०७४को भाग ३ पारिवारिक कानुन सम्वन्धी परिच्छेद ६को संरक्षक र परिच्छेद ७ को माथवरसम्बन्धी ब्यबस्थाले निर्देशगरेअनुसारका बालबालिका अधिकार संरक्षित हुने गरी हेरचाहको प्रवन्ध मिलाउनुपर्नेछ ।

(४) नजिकको नातेदारमार्फत बैकल्पिक हेरचाह सम्भव नभएमा त्यस्तो बालवालिकालाई हेरचाह गर्न ईच्छुक परिवार वा व्यक्तिको संरक्षकत्वमा रहनेगरि हेरचहको प्रवन्ध मिलाउनु पर्नेछ ।

(५) ऐनको दफा ४८(१)को खण्डा (च) र (छ) अनुसारका वालबालिकाका लागि बैकल्पिक हेरचाहकालागि यथासम्भव परिवारमा आधारित हेरचाह गर्ने संस्थालाई प्राथमिकता दिनुपर्नेछ ।

(६) परिवारिक हेरचाहगर्ने संस्था नभएमा बालगृहमा त्यस्ता बालबालिकको बैकल्पिक हेरचाह गराउने प्रवन्ध मिलाउनुपर्नेछ ।

(७) स्थानीयतहको क्षेत्रमा कसैले अनाथ,वेवारिस वा स्यहार संरक्षण गर्ने बाबु आमा वा अभिभावक नभएको बालबालिका फेलापरेमा वा रहेभएको जानकारी भएमा अनुसूचि २ बमोजिमको ढांचाको विवरण सहित बालकल्याण अधिकारी र वा स्थानीय प्रहरीकार्यालयलाई सूचना उपलव्ध गराईदिनुपर्छ (

८. बालगृको स्थापना तथा संचालन : (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र फेलापरेका विशेष संरक्षणका आवश्यक्ता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनकालागि बालगृह स्थापना र संचालन गर्न सक्नेछ ।

(२) आफ्नो क्षेत्रभित्र परोपकारको उद्देश्यले कानुन बमोजिम कुनै संस्थाले अनाथ बालअश्रम /अनाथालय वा बालगृहसञ्चालनमा ल्यायको वा सञ्चालन गरेमा बालकल्याण अधिकारीले बिशेष संरक्षण आवशयक्ता भएका



घनश्याम पाण्डे
प्रमुख

बालबालिकालाई संरक्षणार्थ पठाउन सक्नेछ । यसरी संरक्षणर्थ पठाइएको बालबालिकालाई त्यस्तो बाल आश्रम/अनाथालय वा बालगृहले उचित हेरचाह तथा संरक्षणको व्यवस्था मिलाउनु पर्नेछ ।

(३) अनाथ बालआश्रम/अनाथालय वा बालगृहको भौतिक पुर्वाधार,बन्दोवस्ती जनशक्ति तथा संचालन बालगृह मापदण्डबमोजिम हुनेछ ।

## परिच्छेद ५

## बाल सहभागिता तथा बालक्लव सञ्चालन

९. **बाल सहभागिताको अभ्यास** :(१) स्थानीय तहले बालबालिकालाई आफुलाई असर पार्ने विषयमा आफ्नो धारणा वनाउन र व्यक्त गर्ने सक्षम वनाउने प्रयोजनकालागि परिवार, समुदाय,विद्यालय,सार्वजनिक निकाय वा संस्थाबाट गरिने बालबालिक सम्वन्धी निर्णय प्रकृयामा बाल सहभागिताको अभ्यासलाई प्रवर्द्धन गर्नेछ ।

(२) बाल सहभागिता पवर्द्धनकालागि स्थानीय तहबाट देहायका उपायहरु अवलम्वनगरिनेछ :

(क) बालबालिका संग सम्वन्धित नीति निर्माण, योजना तर्जुमा,कार्यान्वयन,अनुगमन, र मूल्याङ्कनको सन्दर्भमा बालबालिका संग वडास्तरिय सहभागितात्मक छलफल गर्ने ;

(ख) बाल सुरक्षा ,शिक्षा र खेलकुद लगायत तिनको प्रतिभा विकासका ठोस कार्यक्रम तर्जुमा गरि लागुगर्ने र त्यसमा बालबालिकालाई स्वैच्छिक रुपमा व्यबस्थापकीय भूमिका खेल्ने अवशरदिने ;

(ग) बालबालिकाको क्षमता तथा सीप विकास, प्रतिभा प्रस्फुटनकालागि उनिहरुकै पहलमा बालहितकारी सूचना सामाग्री,भित्तेपत्रिका प्रकाशन र रेडियो कार्यक्रम सञ्चलन गर्नमा अवशयक स्रोतसाधन उपलव्ध गराउने ;

(घ) बालबालिको पहलमा बाल संस्था तथा बालक्लव दर्ताको लागि निदेदन पर्न आएका आधारमा बालक्लव, बालसंस्था वा बाल क्लव सञ्चलन दर्ता गरि प्रमाणपत्र नि:शुल्क उपलव्ध गराउने र सञ्चलानकालागि सहजिकरण गर्ने ;

(ङ) बालक्लव तथा बालक्लव सञ्चलनको नविकरण गरिदने ; र

(च) बालसहभागिता र बालबालिकाको धारण व्यक्त गर्ने र सुनुवाई हुने वातावरण सृजना गर्न कार्यक्रम तय गर्ने र सञ्चालन गर्ने

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## परिच्छेद ६

## स्थानीय बालअधिकार सीमतिसम्बन्धी ब्यवस्था

**१०. स्थानीय बाल अधिकार समितिको गठन :**(१) स्थानीय तहमा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहने स्थानीय बालअधिकार समिति गठनहुनेछ :

(क) उपमहानगरपलिकाको उपप्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य मध्यबाट अध्यक्ष

(ख) नगरकार्यपालिका महिलासहित सामाजिक समितिको संयोजक समेत २जनासदस्य

(ग) क्षेत्र भित्रका विद्यालयका प्रधान अध्यापकहरुमध्यबाट सदस्य

(घ) पत्रकार महासंघ र गैसस महासंघबाट प्रतिनिधि २जना सदस्य

(ङ) क्षेत्रभिकाबालचिकित्सक वा बाल मनोविज्ञहरुमध्यबाट सदस्य

(च) स्थानीयतहकानुनमामिला,शिक्षा, जनस्वास्थ्यप्रमुख मध्यबाट ३ जना सदस्य

(छ) स्थानीय बालसञ्जालबाट तोकेको बालिकासहित बाल प्रतिनिधि २ जना सदस्य

(ज) स्थानीय प्रहरी प्रमुख नेपाल प्रहरी बाट सदस्य

(झ) स्थानीय प्रशासन कार्यालय नेपाल सरकारबाट सदस्य

(ञ) बालअधिकार संरक्षण,बालन्याय कार्यको अनुभवी ब्यक्ति वा संस्था बाट १ जनासदस्य

(ट) बालकल्याण अधिकारी वा महिला बालबालिका शाखा प्रमुखसदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको समितिको पदावधि ३ बर्षको रहनेछ ।

**११. स्थानीय बाल अधिकार समितिको काम कर्तब्य र अधिकार :**(१) स्थानीय बालअधिार समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) समितिको दिर्घकालीन नीति, योजना र बार्षीक कार्यक्रम तथा बजेट स्विकृत गर्ने,

(ख) बालबालिकाको अधिकार सम्मान, संरक्षण, प्रर्वद्धन र परिपूर्तीकालागि आवशयक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको ब्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने,

(ग) स्थानीयतह द्वारा सञ्चालित बालबालिका सम्वन्धी कार्यकमको अनुगमन,मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने ,



घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

(घ) स्तानीयतह भित्र हुनसक्ने बालविवाह,बाल श्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार,पुनःस्थापना,संरषण र व्यबस्थापनमा समन्वय,सहयोग र सहजिकरण गर्ने ,

(ङ) आफ्नो स्थानीयतह भित्रको वडा,बिद्यालय, संरचनालाई बालमैत्री वनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने

(च) बालमैत्री स्थानीय शासनको अवलम्वनका साथै बालमैत्री वडा तथा पालिका घोषणाको सिंगो नेतृत्व लिने ,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्वन्धमा सरोकारवालाको क्षमता अभिबृद्धि गर्ने गराउने,

(ज) स्थानीय तहमा एक आर्थीक वर्ष भित्रमा बालबालिका सम्वन्धी भए गरेका कार्यहरु र बालबालिकाको र उनको अधिकार , अवस्था समेटने गरि बालबालिका सम्वन्धी बार्षिक प्रतिवेदन तयार गर्ने सो प्रतिवेदन लाई सार्वजनीक गरि प्रदेस सरकार र बालअधिकार परिषद र सम्वन्धित मन्त्रालयमा पठाउने ।

(झ) बालबालिकासम्वन्धी स्थानीय तथ्याङ्क विवरण संकलन, अभिलेखिकरण तथा सूचना प्रणलीको विकास, सञ्चालन,व्यबस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) समितिको सचिवालय, जनशक्ति र आर्थीकश्रोत साधनको ब्यबस्था मिलाउन विकास साझेदारहरु संग सझौता गर्ने,परिचालन गर्ने,तालिम दिने तथा क्षमता अभिबृद्धि गर्न समन्वय र सहकार्य गर्ने ,

(ट) स्थानीय तह मार्फत नेपाल सरकार अर्थमन्त्रालयको स्विकृत लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनकालागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवं अन्तर्राष्ट्रिय संघसंस्था प्राप्त सहायता बाट आवश्यक्ताअनुसार कार्यक्रम सञ्चलन गेर्ने,

(ठ) नेपाल सरकार, प्रदेश सरकार स्थानीय तहको स्वीकृत योजना,बार्षीक नीति तथा कार्यक्रम अनुकूल प्रथमिक्ता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनकालागि बिशेष राष्ट्रिय अभियान सञ्चलनमा सहयोग गर्ने,

(ड) स्थानीय तहमा बालबालिको खोजतलास केन्द्र तथा बाल हेल्पलाईन सेवा अभिबृद्धिमा समन्वय, सहयोग र सहजिकरण गर्ने,

(ढ) धर्मपुत्र धर्मपुत्री लिनदिन चहाने दम्पत्ति तथा ब्यक्तिलाई समितिमा सूचिकृत गरि आन्तरिक धर्मपुत्र धर्मपुत्री लिनेदिने ब्यवस्थालाई सहजिकरण गर्ने ,

(ण) बिशेस संरक्षणको आवश्यक्ता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लनि दिन,संरक्षक र माथवर नियूक्त गर्न स्थानीय तह र अदालतलाई सहयोग गर्ने,

(त) ऐन, प्रचलित कानुन तथा मापदण्ड बमोजिम सञ्चलन हुन नसकेका बाल गृह,बाल सुधारगृह, अस्थाई संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्दतथा कार्वाही गर्न सुझाव तथा प्रतिवेदन सहित मन्त्रालयमा सिफारिस गर्ने,

(थ) स्थानीय तहभित्र हुन सक्ने बाढी,पहिरो,हुरी वतास, सीतलहर र आगो जस्तो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा कोरोना र इन्फ्लूञ्जा जस्तो महामारि बाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा ब्यबस्थापनमा सहयोग गर्ने,

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश

(२) समितिले उपदफा (१) बमोजिम आफुलाई प्रप्त अधिकार मध्य केहि अधिकार आवश्यक्ता अनुसार वडा स्तरीय बाल अधिकार समिति वा बालकल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सकनेछ ।

**१२.स्थानीय बाल अधिकार समितिको बैठक सम्वन्धी ब्यवस्था :**स्थानीय बाल अधिकार समितिको बैठक सम्वन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ :-

(१) समितिको बैठक कम्तीमा बर्षको ४ पटक अध्यक्षले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य- सचिबले बोलाउने छ ।

(३) सदस्य -सचिवले समितिको बैठक बस्ने सूचनासहित बैठकमा छलफल हुने विषयको सूचि तिन दिन अगावै समितिका सदस्यहरुलाई उपलव्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी उपस्थित रहेमा समितिको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा अध्यक्ष्यको आदेस अनुसार उपस्थितसदस्य मध्ये जेष्ठताको कमअनुसार अध्यक्षता ग्रहणगरि बैठक बस्न सकनेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठको अध्यक्षता गर्ने ब्यक्तिले निर्णायक मत दिनसक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष बाट प्रमाणीत गरिनेछ ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य गतिविधि समितिले आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**१३. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने :**(१) समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारुरपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा विज्ञ बाल मनोविज्ञ, समाजसेवी, सामाजिक सेवाकर्ता, शिक्षक, चिकित्सक,वालक्लवका प्रतिनिधि,सामाजिकि परिचालक तथा बाल अधिकारकर्मी मध्य आवश्यक्ता अनुसार समाबेसहुनेगरी निश्चित अवधिकालागि बढीमा ३ सदस्यिय उपसमिति वा कार्यटाली गठनगरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यटालीको काम, कर्तब्य र अधिकार कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यबिधि स्थानीय तहको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ ।

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**१४.वडा स्तरीय बालअधिकार समिति :**(१) वडा स्तरीय बाल अधिकार समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछन् :–

(क) सम्वन्धित वडाको वडाअध्यक्ष – अध्यक्ष

(ख) वडाले तोकेको महिला सदस्यसहित – सदस्य

(ग) वाडाभित्रका विद्यालय प्रधानअध्यापक वा निजले तोकेको फोकल शिक्षक मध्यबाट बढीमा ३ जना – सदस्य

(घ) वडा स्तरीय बालसञ्जालले तोकेको १ जना बालिका सहित २ जना – सदस्य

(ङ) वडा प्रहरी प्रमुख, नेपाल प्रहरी – सदस्य

(च) समाजसेवी,बाल मनोविज्ञ, बालअधिकार/ बाल न्यायका कार्यानुभवि ब्यक्ति मध्य बाट अध्यक्षले मनोनयन गरेका बढीमा ४ जना – सदस्य

(छ) वडा कार्यालयको सचिव – सदस्य सचिव

(२) उपदफा (१)को खण्ड (च) बमोजिम मनोनित सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(३) समितिले आवश्यक्ता अनुसार समितिको सदस्य नरहेका वडासदस्य, वडास्तरिय विद्यालय ब्यबस्थापन समिति वा संघ संस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**१५. वडा स्तरीय बालअधिकार समितिको काम कर्तव्य र अधिकार :**(१) वडा स्तरीय बाल अधिकार समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडा बाट प्रस्तवित हुने बालबालिका र बाल अधिकार सम्वन्धी योजना,नीति र कार्यकमहरुको बाल अधिकारमा आधारित सहभागितामूलक ढङ्ग बाट निर्माण गर्ने,

(ख) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यकमहरु सञ्चालन गर्ने गराउने,

(ग) वडालाई बालमैत्री वनाउने सबै प्रकृयाको नेतृत्व लिने,

(घ) वडातहमा बाल अधिकारको अवस्था अनुगमना तथा अध्ययन अनुसन्धान गर्ने गराउने ,

(ङ) बालबालिकाको सम्वन्धमा प्राप्त उजुरीहरुको सङ्कलन गर्ने र राय सहित न्यायिक समितिमा पठाउने ,

(च) बालबालिका संग पारमर्श तथा छलफल कार्यकम गर्ने गराउने,

(छ) वडा स्तरमा बालश्रम, बालविववाह,वेचविखन,ओसारपसार,वालबालिका विरुद्धहुने हिंशा,दुर्व्यवहार,शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमागरि कार्यान्वयन गर्ने ,

(ज)वडातहमा बाल अधिकारकालागि कार्यरत सरकारी निकाय,संधसंस्था, परियोजना तथा सेवाहरुको नक्साकंन गर्ने ,



घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश

(झ) बाल अधिकार संरक्षण तथा सम्वर्द्धनकालागि बहुपक्ष निकायहरु संग समन्वय तथा सहकार्य गर्ने ,

(ञ) वडामा रहेका वाल क्लव, सञ्जाल,समुहको सूचि तयार गरी स्थानीय बाल अधिकार समितिमा पेश गर्ने ,

(ट) वडामा सञ्चालित बालगृह, अस्थाई संरक्षण सेवा केन्द्र,को अनुगमन गरी स्थानीय बाल अधिकार समितिमा प्रतिवेदन पेश गर्ने ।

**१६. <u>वडा बालअधिकार समितिको बैठक सम्वन्धी ब्यवस्था</u>** :वडा बालअधिकार समितिको बैठक सम्वन्धी व्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छ :–

(१) समितिको बैठक कम्तीमा बर्षको ४ पटक अध्यक्षले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य– सचिबले बोलाउने छ ।

(३) सदस्य –सचिवले समितिको बैठक बस्ने सूचनासहित बैठकमा छलफल हुने विषयको सूचि तिन दिन अगावै समितिका सदस्यहरुलाई उपलव्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी उपस्थित रहेमा समितिको बैठककालागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा अध्यक्षको आदेस अनुसार उपस्थितसदस्य मध्ये जेष्ठताको कमअनुसार अध्यक्षता ग्रहणगरि बैठक बस्न सकनेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठको अध्यक्षता गर्ने ब्यक्तिले निर्णायक मत दिनसक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष बाट प्रमाणीत गरिनेछ ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य गतिविधि समितिले आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

# परिच्छेद७

## बाल कल्याण अधिकारी

**१७ . बाल संरक्षण अधिकारीको नियूक्ति :**(१) स्थानीय तहले ऐनको दफा ६१ को उपदफा(१) बमोजिम बाल संरक्षण अधिकारी नियूक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बाल संरक्षण अधिकारीको नियूक्ति नभए सम्म स्थानीय तहले महिला तथा बालबालिका शाखा प्रमुख वा अधिकृत स्तरको अन्य कुनै कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्न सक्नेछ ।

(३) उपदफा (१) अनुसार नियूक्त वा उपदफा (२) अन्तर्गत ताकिएको बाल कल्याण अधिकारीले स्थानीय बालअधिकार समितिको सदस्य सचिवको रुपमा काम गर्नेछ ।

**१८. बाल संरक्षण अधिकारीको काम, कर्तव्य र अधिकार :**बाल संरक्षण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थानीय बाल अधिकार समितिको निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्विकृत नीति र योजना अनुरुप समितिको बार्षीक कार्यक्रम र वजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तह र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवं कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।

(ग) स्थानीय तहभित्र स्थायी तथा अस्थायी रुपमा वसोवास गर्ने सबै बाल बालिकाले प्राप्त गर्नुपर्ने हेरचाह,स्वास्थ्य,शिक्षा संरक्षण तथा सहभागिताको अवस्था सम्वन्धी तथ्याङ्क संङ्कलन,अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

(घ) स्थानीयत हका जोखिममा परेका, विशेष संरक्षणको आवशयक्ता भएका,बैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्दार, मनोसामाजिक परामर्श,उपचार,अस्थाई संरक्षण,आमाबाबुलाई परिवारिक सहयोग,परिवारिक पुनर्मिलन तथा बैकल्पिक स्याहार लगायतका कार्य गर्ने ।

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयारगरी स्थानीय बाल अधिकार समिति समक्ष स्विकृतिकालागि पेश गर्ने र स्विकृत कार्ययोजनालाई कार्यान्वयन गर्ने ।

(च) आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्रीका रुपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थाई ठेगाना भएका बालबालिकको विवरण स्थानीय तहबाट स्विकृत गराई राष्ट्रिय बाल अधिकार परिषद्मा उपलव्ध गराउने ।

(छ) बालबालिका विरुद्धको कसूरको अनुसन्धान प्रकियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकको अस्थाई तथा पारिवारिक संरक्षणकालागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलव्ध गराउने ।

(ज) ऐनको दफा ४९ बमोजिम स्थानीयतहभित्र भएको बैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थाई संरक्षणसेवा, निगरानी कक्ष तथा बालबालिकको शैक्षिक प्रयोजनकालागि राखियका मठ,गुरुकुल,गुम्वा,मदरसा चर्च



घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश

जस्ता आवासीय गृहको नियमित अनुगमन गरी साको प्रतिवेदन स्थानीय बाल अधिकार समिति तथा अन्य सम्वन्धित निकायमा पेश गर्ने ।

(झ) स्थानीय तहमा भएका बाल अधिकार उलङ्घनका घटनामा बालबालिकको तत्काल उद्दार, राहत,संरक्षण र घटना व्यस्थापन सम्वन्धी कार्य गर्ने ।

(ञ) मुलुकी देवानी संहिता २०७४ बमोजिम बालबालिकको संरक्षण वा माथवर नियूक्तिकालागि अदालतमा निवेदन दिने ।

(ट) बालबालिकाको लागि बैकल्पिक हेरचाह उपलव्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने ।

(ठ) बैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निंजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्वन्धित निकायमा सहजीकण तथा सिफारिस गर्ने।

(ड) बालबालिकाको गोपनियतताको हकको उल्लघंन नहुने गरी खण्डा(ग),(झ),(ञ) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्विकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बाल अकिार समिति र राष्ट्रिय बाल अधिकार परिषदमा पेश गर्ने ।

(ढ) स्थानीय तहको योजना तर्जुमा प्रकृयामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने ।

(ण) समितिबाट प्रत्यायोजित अन्यकाम गर्ने गराउने ।

## परिच्छेद ८

## बाल मनोविज्ञ, समाजसेवी तथा सेवाप्रदायक सम्वन्धी व्यवस्था

**१९. समाजसेवी तथा बालमनोविज्ञको सूचिकरण तथा नियूक्ति** (१) स्थानीय तहका क्षेत्रभित्र समाजसेवी तथा बालमनोविज्ञकोरुपमा काम गर्न चहाने व्यक्तिले स्थानीय बाल अधिकार समितिसमक्ष आफ्नो नाम सूचिकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञलाई सूचिकृत गर्नका निमित्त स्थानीय बाल अधिकार समितिले अवश्यक कागजात तथा विवरण खुलाई सूचना गर्ने छ ।

(३) समाजसेवी तथा बाल मनोविज्ञको रुपमा काम गर्ने ईच्छुक व्यक्तिले सूचनामा तोकिएको वमोजिमका कागजांत तथा विवरण सहित स्थानीय बाल अधिकार समितिमा निवेदन दिनुपर्नेछ ।

(४) उप दफा (३) बमोजिमको निबेदन तथा कागजातको जांचअनुसार तोकिएको न्यूनतम योग्यता पुगेका निबेदक हरुलाई समाजसेवी र बालमनेविज्ञकोरुपमा सूचिकृत गरी स्थानीय बाल अधिकार समितिले सोको सूचना प्रकाशन गर्नेछ ।

(५) सूचिकृत समाजसेवी र बाल मनोविद मध्यबाट सम्वन्धित क्षेत्रमा कामगर्ने समाजसेवी र बाल मनोविज्ञको छनौट र नियूक्तिको प्रकृया, निजको काम कर्तब्य र अधिकार,परिश्रमिक तथा अन्य सुविधा अन्य निकायको



घनश्याम पाण्डे
प्रमुख

हकमा सम्वन्धित निकायकालागि तोकिएको वा तोकिए बमोजिम र स्थानीयतह अर्न्तगत कामको हकमा स्थानीय बालअधिकार समितिको सिफारिसमा स्थानीयतहले तोकेबमोजिम हुनेछ ।

२०. **सेवा प्रदायकको नक्साङ्कन ताथ सूचिकरण :** (१) स्थानीयतहमा रही बालबालिकको हक हित र अधिकारको संरक्षण तथा सम्वर्द्धनमा काम गर्ने संस्थाहरुलाई स्थानीयतहले सूचिकृत गर्नुपर्नेछ ।

(२) उपदफा (१) सूचिकृतहुने संस्थाहरुले स्थानीयबाल अधिकार समितिमा आवश्यक कागजात तथा विवरण साथ निवेदन गर्नेछन् ।

(३) उप दफा (२) बमोजिमका निबेदन तथा कागजातको जाँचबुझ बाल अधिकार समितिले तोकेको योग्यता पुगेका निबेदकहरुलाई सेवा प्रदायक निकायकोरुपमा नगरबाल अधिकार समिति सूचिकृत गरेको सूचना प्रकाशन गर्ने छ ।

(४) उपदफा (३) बमोजिम सूचिकृत भएका निकायलाई समितिले आवश्यक परेकोवेलामा सम्झौता गरी सेवा प्रवाहको अवशर प्रदान गर्ने छ ।

## परिच्छेद ९

## बालहित कोष संञ्चालन तथा ब्यबस्थापन

२१. **बाल हित कोष :**(१) बिशेष संरक्षणको आवश्यक्ता भएका तथा जोखिममा परेका तथा हिंशा पीडित बालबालिकाको सहयोगार्थ स्थानीय स्तरमा एक बाल हित कोष रहनेछ । उक्त कोष सम्बन्धी व्यवस्थापन तुलसीपुर उपमहानगरपालिकाबाट जारी भएको **"आपतकालिन एवंम् जोखीम अवस्थामा रहेका बालबालिकाको संरक्षणका लागि बाल हित कोष सञ्चालन कार्यविधि २०७६"** बमोजिम हुनेछ ।

## परिच्छेद १०

## विविध

२२. **स्रोतको ब्यबस्थापन :**स्थानीय तह तथा वडाले बाल अधिकारको संरक्षण तथा सम्वर्द्धण कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनकालागि आवश्यक बजेट तथा स्रोतको ब्यवस्थापन गर्नेछ ।

२३. **प्रोत्साहन पुरस्कारको व्यवस्था :** बाल अधिकारको संरक्षण तथा सम्बर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने ब्यक्ति,बालक्लव,सन्जाल तथा संधसंस्थालाई स्थानीय तहले पुरुस्कार दिन वा संधसंस्थालाई आर्थिक सहयोग प्रदान गर्न सक्नेछ ।

घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल